बैठक संख्या ३१ मिति ०६।२१
कार्यपालिकाको निर्णय प्रमाणित

**बैठक संख्याः ३१/०८०-८१ मिति २०८०/०६/२१ गतेको कार्यपालिका बैठकका निर्णयहरुः**

**निर्णय नं.१:** गुर्भाकोट नगरपालिका "घ" वर्ग निर्माण व्यवसायी सम्बन्धी कार्यविधि २०८० र गुर्भाकोट नगरपालिका अनाथ, असहाय तथा जोखिमयुक्त बालबालिकालागि आवासिय छात्राबास संचालन सम्बन्धी कार्यविधी २०८० बैठकमा प्रस्तुत भई वृहत छलफल गरी उठान भएका विषयवस्तुलाई समेटी उक्त कार्यविधिहरु स्वीकृत गर्ने ।

**निर्णय नं. २:** यस नगरपालिका र भेरीगंगा नयाँ शहर आयोजना कार्यलय स्थापना गर्न तपशिल अनुसारको जग्गा निशुल्क (दान) प्रासि को लागि आवश्यक प्रकृया अघि बढाउने ।

**नगरपालिकाको लागि**

- भिमि कामी - मेहेलकुना १ङ कित्ता नं. २४ क्षेत्रफल २३९१.०२ व.मी. मध्ये १५२६.२२ वर्ग मिटर
- चन्द्रे कामी - मेहेलकुना १ङ कित्ता नं. ४८ क्षेत्रफल १२९८.०२ व.मी. मध्ये १७६.०० वर्ग मिटर

**भेरीगंगा नयाँ शहर आयोजना कार्यालयको लागि**

- पदमलाल शर्मा -मेहेलकुना १ क कित्ता नं. २०२ क्षेत्रफल ५-०-०-० रोपनी मध्ये १-८-०-० रोपनी
- दिपेन्द्र कार्की- मेहेलकुना १क कित्ता नं. १६५६ क्षेत्रफल २-०-०-० रोपनी मध्ये १-८-०-० रोपनी

**निर्णय नं. ३:** गुर्भाकोट खानेपानी १,२,४, खानेपानी डिपिआरको लागि आवश्यक प्रकृया अगाडी बढाउने, वडा नं. ३ टिम्मुरे लिफ्ट खानेपानी र वडा नं. २ को खोलाढाव लिफ्ट खानेपानी निर्माणको लागि यसै योजना अन्तर्गत समेट्न अनुरोध गर्ने ।

**निर्णय नं. ४:** कर्णाली प्रदेश विशेष प्रहरी गण गुर्भाकोट नपा वडा नं. १३ र १४ सुर्खेतमा साविक नेपालगंज देखि स्थानातरण तथा व्यवस्थापन गर्न जिर्ण अवस्थामा रहेका भवन मर्मत एवम् नयाँ संरचना निर्माण समेतको लागि रु. १,९१,२९,८६४।- ( एक करोड एकानब्बे लाख उन्तीस हजार आठ सय चौसठ्ठी रुपैयाँ) आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. १८४ मिति २०८०।०६।०७ गतेको पत्रबाट आन्तरीक मामिला तथा कानुन मन्त्रालय मार्फत उपलब्ध भएकोले तत्काल कार्यको सुरुवात गरी पूर्वाधार निर्माण सम्पन्न गर्न समय र परिस्थितिले अप्ठ्यारो पर्न आएको हुँदा प्रचलित कानुन बमोजिम शिघ्र प्रकृयाबाट कार्यदक्ष तरिकाले निर्माण सम्पन्न गरी विशेष गण स्थापना गर्न तपशिल अनुसार कार्य गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

क. नयाँ संरचना निर्माणको लागि रु. १ करोड

ख. पुराना संचरना मर्मत सुधारका लागि रु. ९१ लाख २९ हजार ८ सय ६४

**निर्णय नं. ५:** यस नगरपालिका उद्यम विकास समितिको मिति २०८०।०५।१८ गतेको मेड्पा कार्यक्रमको बजेट बाँडफाड, वडा छनौट र सामाजिक परिचालक सम्बन्धी निर्णय स्वीकृत प्रदान गर्ने ।

~~निर्णय नं. ६: यस नगरपालिका नगर उद्यम विकास समितिको मिति २०८०।०५।१८ गतेको मेड्पा कार्यक्रमको बजेट बाँडफाड, वडा छनौट र सामाजिक परिचालक सम्बन्धी निर्णय स्वीकृत प्रदान गर्ने~~ ।

**निर्णय नं. ७:** यस नगरपालिका नगर शिक्षा समितिको मिति २०८०।०५।१० गतेको दरबन्दी मिलान र लेखा परिक्षण सम्बन्धी निर्णय स्वीकृत प्रदान गर्ने ।

बैठक संख्या ६१ मिति ०३।२१
कार्यपालिकाको निर्णय प्रमाणित

**निर्णय नं. ६:** नेपाल राष्ट्रिय माध्यामिक विद्यालय बडाखोली विद्यालय व्यवस्थापन समितिको समयअवधि २०८०।०४।०४ मा समाप्त भई हाल सम्म गठन हुन नसकेको र विद्यालयको अभिभावक भेलाको निर्णयानुसार वडा शिक्षा समितिलाई जिम्मेवारी दिनकालागि लेखि आएकोले गुर्भाकोट नगरपालिका शिक्षा ऐन २०७४ (संशोधन सहित) को दफा १५ को उपदफा (३) प्रतिवन्धमक वाक्याशं बमोजिम वडा शिक्षा समितिलाई विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी प्रदान गर्ने ।

**निर्णय नं. ७:** यस नगरपालिकामा विभिन्न विद्यालय तथा अन्य संरचना मर्मत र सामाग्री खरीदको लागि माग आएकोले देहायको शिर्षक अनुसार रकम विनियोजन गर्ने ।

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | वडा नं. | विनियोजन रकम | विनियोजन शीर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | ने रा आ वि नारेङ्गे विद्युत जडान | ११ | रु.२६००० | विद्यालय मर्मत तथा सुधार | |
| २ | घारिखोला आँपको बुटा सिचाई मर्मत | ५ | रु. २५०००।- | विपद् व्यवस्थापन | |
| ३ | लामिडाडा सिचाई मर्मत | ३ | रु. १७५०००।- | सड्क तथा अन्य पूर्वाधार मर्मत | |
| ४ | विशेष प्रहरी गण स्थापानार्थ भाडा सामान र टेण्ट भाडा | १३ | रु. ५६०००।- | विविध | |
| ५ | भट्टेचौर लिफ्ट सिचाई योजना मर्मत | १२ | रु. १५००००।- | सडक तथा अन्य पूर्वाधार मर्मत | |
| ६ | लक्ष्मी आधारभूत विद्यालय ओखले इन्टरनेट मर्मत | ५ | रु. १५०००।- | विद्यालय मर्मत तथा सुधार | |
| ७ | बोटचौर ट्राफिक प्रहरी बिट होडिङ वोर्ड निर्माण | ९ | रु. २४०००।- | विविध | |